अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८३।०६।२२ गते।

प्रेस विज्ञप्ति

विषयः प्रतिवादी लाल प्रसाद पोखरेलसमेत रहेको सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट जिल्ला डोल्पा, त्रिपुरासुन्दरी नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत लाल प्रसाद पोखरेलसमेतका प्रतिवादीहरू उपर सार्वजनिक सम्पत्ति हिनामिना, हानिनोक्सानी तथा दुरुपयोग गरी भ्रष्टाचार गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही दफा १७ ले निर्देश गरेबमोजिम बिगो रु.५५,८९,०६३/०६ कायम गरी ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को (संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम कैद र जरिवाना हुन साथै सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही दफा बमोजिम कैद र जरिवाना सजाय हुनसमेत मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतको मिति २०८३।०१।०७ को फैसलाबाट आंशिक सफाई दिएकोले उक्त फैसलाउपर चित्त नबुझी मिति २०८३।०६।२२ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने

सि.नं.	प्रतिवादी	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसलाका आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	लालप्रसाद पोखरेल, कर्णबहादुर कार्की, दिव्या निर्माण सेवा प्रा.लि., दुनै, डोल्पा र उक्त निर्माण सेवाका प्रो. भीमराज न्यौपाने, शिशिरकुमार गुरुङ्ग, हिराचन्द्र धरला, रुपचन्द्र बुढा, भिमबहादुर थापा, हरिचन्द्र विष्ट	सार्वजनिक सम्पत्तिको हिनामिना, हानिनोक्सानी तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको। मुद्दा नं. ०८२-CR-००३२ फैसला मितिः २०८३।०१।०७	जिल्ला डोल्पा त्रिपुरासुन्दरी नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत प्रतिवादी लाल प्रसाद पोखरेल, तत्कालीन इन्जिनियर प्रतिवादी कर्ण बहादुर कार्की, प्रशासकीय अधिकृत प्रतिवादी हिरा चन्द्र धराला, बरिष्ठ लेखा सहायक प्रतिवादी रुपचन्द्र बुढा, शिक्षा अधिकृत प्रतिवादी भिम बहादुर थापा, MIS अपरेटर प्रतिवादी हरिचन्द्र बिष्ट, प्रतिवादी शिशिर कुमार गुरुङ समेतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर भएको सोही दफा १७ ले निर्देश	क. प्रतिवादी लालप्रसाद पोखरेल र कर्णबहादुर कार्कीको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरे बमोजिम दफा ३ को उपदफा (१) तथा सोको खण्ड (घ) समेतका आधारमा जनही २ (दुई) वर्ष कैद र रु. १०,८१,९५०/१८ जरिबाना समेतको सजाय हुने। ख. अर्का प्रतिवादी दिव्या निर्माण सेवाका प्रोप्राइटर भिमराज न्यौपानेलाई भ्रष्टाचार निवारण	क. जिल्ला डोल्पा त्रिपुरासुन्दरी नगरपालिका वडा नं. ५ स्थितमा आ.व. २०७८।०७९ मा खदाङ देखि ल्हाँ सम्मको मोटरबाटो स्तरोन्नतीका लागि ठेक्का नं TM/NCB/06/2078/079 बोलपत्र आह्वान गरी औपचारिकता मात्र निभाई नगर प्रमुख, योजना अधिकृत र इन्जिनियर लगायतको मिलेमतोमा दिव्या निर्माण सेवा प्रा.लि. लाई उक्त काम जिम्मा दिई भुक्तानीमा आर्थिक अनियमितता गरेको भन्ने समेत बेहोराको उजुरीवाट अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा त्रिपुरासुन्दरी नगरपालिका डोल्पाको आ.ब. ०७८/७९ मा वडा नं. ५ खदाङ देखि ल्हाँसम्म को मोटरबाटो स्तरोन्नती कार्यको लागि रू.८३,८२,९९८।८२ (मू.अ.कर, पि.एस., कन्टिन्जेन्सी समेत) लागत अनुमान स्वीकृत भएको देखिन्छ। उक्त कार्यको लागि मिति २०७९।०१।२५ को राजधानी राष्ट्रिय दैनिकमा सूचना अनुसार e-bidding मार्फत दर्ता हुन आएका बोलपत्रहरु खोलिएको मुचुल्काबाट उक्त सडकको ठेक्कामा जम्मा ७ वटा बोलपत्रदाताहरु सहभागी भएको देखिन्छ। उक्त योजनाको लागी खरिद कागजात तयारीमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ अनुसार तयार गर्नुपर्ने हुन्छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ को उपदफा (२छ) मा वोलपत्रको मूल्याङ्कन तथा बोलपत्रदाताको छनौट गर्ने आधार र तरिका सम्वन्धमा स्पष्ट उल्लेख गर्नुपर्ने व्यवस्था रहेको तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४५(ज) मा ऐन, यस नियमावली र स्ट्याण्डर्ड बिडिङ डकुमेण्टको विपरीत नहुने गरी सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजात बोलपत्र सम्बन्धी कागजातमा समावेश गर्नुपर्ने व्यवस्था रहेकोमा बिडिङ डकुमेन्टको Additional documents specified in ITB 11.1 (h) मा NA लेखेको देखिन्छ । जसको अर्थ थप अन्य कागजात पेश गर्न आवश्यक नरहेको हुन्छ र ***Citizenship of Company Owner*** लाई mandatory डकुमेण्ट मान्न सकिने अवस्था नरहेको, ***Citizenship of Company Owner*** खरिद अभ्यासमा माग्ने पेश गर्ने प्रचलन पनि नरहेको, तर, ७ वटा बोलपत्रदाताहरुको बोलपत्र कागजातहरुको मूल्याङ्कन गर्न कार्यालयमा गठित मूल्याङ्कन समितिका सदस्यहरुले सोही कागजातको आधारमा बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र कागजातको मूल्याङ्कन गरी ७ वटा मध्ये ३ वटा बोलपत्रदाताहरुलाई ***Citizenship of Company Owner*** पेश नगरेको तथा अन्यले Work Schedule पेश नगरेको लगायतका कारण देखाई बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र पूर्ण नभएको भनी ६ वटा बोलपत्र मूल्याङ्कन प्रक्रियाबाट हटाएको देखिन्छ। मूल्याङ्कनमा उत्तिर्ण भएको एक मात्र बोलपत्रदाताले समेत ***Citizenship of Company Owner*** पेश गरेको नदेखिएबाट मूल्याङ्कन समितिका सदस्यहरुले दुषित मनसायले बदनियतपूर्वक बोलपत्र मूल्याङ्कन गरी गराई गलत प्रतिवेदन दिएको पुष्टि हुन आएको देखिन्छ। कुनै बोलपत्रदाताले खरिद कारबाही वा निर्णयको पुनरावलोकन सम्बन्धी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ उपदफा (१) बमोजिम सार्वजनिक निकायका प्रमुख समक्ष निवेदन दिन सकिने व्यवस्थाबमोजिम नगर कार्यपालिकाको कार्यालयबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा

			गरेबमोजिम बिगो जनही रु.५५,८९,०६३/०६।- कायम गरी ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम कैद र जरिवाना साथै सोही ऐनको दफा १९(२) बमोजिमको कसूरमा सोही दफा बमोजिम कैद र जरिवाना सजाय गरि पाउन मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ । प्रतिवादी दिव्या निर्माण सेवा प्रा.लि., दुनै, डोल्पा र उक्त	ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांशले निर्दिष्ट गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) तथा सोको खण्ड (घ) समेतका आधारमा २ (दुई) वर्ष कैद र रु. १०,८१,९५०/१८ जरिबाना समेतको सजाय हुने। ग. प्रतिवादी दिव्या निर्माण सेवाको हकमा जरिबाना मात्र हुने भएकाले रु. १०८१,९५०/१८ जरिबानाको सजाय हुने। घ. अन्य प्रतिवादीहरु शिशिरकुमार गुरुङ्ग, हिराचन्द्र धरला, रुपचन्द्र बुढा, भिमबहादुर थापा र हरिचन्द्र	२७ को उपदफा (३) बमोजिम ७(सात) दिनको अवधि दिई बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गर्नु पर्नेमा बदनियतपूर्वक प्रकाशित मिति २०७९।०२।२७ राखी मिति २०७९।०३।०२ गते (बोलपत्रदाताले निवेदन पेश गर्न सकिने अन्तिम दिन) को राजधानी दैनिकमा प्रकाशन गरी गराई बदनियत राखि अन्य बोलपत्रदातालाई निवेदन दिनबाट बञ्चित गरेको देखिन्छ। दिव्या निर्माण सेवा र कृष्ण निर्माण सेवाको Letter of Bid मा एकै व्यक्ति राज कुमार न्यौपानेले दस्तखत गरी Bid Submit गरेको देखिएको, सबैभन्दा न्यूनतम रकम **रु. २४,७३,६१५।६१** (अक्षरुपी चौबिस लाख त्रिहत्तर हजार छ सय पन्ध्र रुपैयाँ एकसट्ठी पैसा) कबोल गर्ने **कृष्ण निर्माण सेवा** र सबैभन्दा अधिकतम रकम **रू. ८०,६२,६७८।६७** (अक्षरुपी असी लाख बैसठ्ठी हजार छ सय अठहत्तर रुपैंया सतसठ्ठी पैसा) कबोल गर्ने **दिव्या निर्माण सेवा** रहेको, दुबै फर्मले पेश गरेको घोषणा पत्र एकै format मा तथा त्रुटिपूर्ण मिति २०८९।०२।२३ रहेको, दुबै फर्मबाट पेश भएको Mobilization Table, Method Statement Example Document मिल्दो रहेको र दुबै फर्मले ***Citizenship of Company Owner*** पेश नगरेको देखिंदा देखिंदै न्यूनतम रकम कबोल गर्ने कृष्ण निर्माण सेवालाई अनुत्तिर्ण गरी बढी रकम कबोल गर्ने दिव्या निर्माण सेवालाई उत्तिर्ण गराई मूल्याङ्कनमा बदनियतपूर्वक दोहोरो मापदण्ड अपनाएको देखिएबाट बोलपत्र मूल्याङ्कन समिति, कार्यालय र निर्माण व्यवसायी बीच मिलेमतो रहेको प्रष्ट देखिन्छ। यसरी, सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाता **दिव्या निर्माण सेवा प्रा.लि. रू.८०,६२,६७८।६७** (अक्षेरुपी असी लाख बैसठ्ठी हजार छ सय अठहत्तर रुपैंया सतसठ्ठी पैसा) को बोलपत्र स्वीकृत तथा ठेक्का प्रदान गरी न्यूनतम कबोल रकम **रु. २४,७३,६१५।६१** (अक्षेरुपी चौबिस लाख त्रिहत्तर हजार छ सय पन्ध्र रुपैयाँ एकसट्ठी पैसा) बीचको फरक रकम **रु.५५,८९,०६३।०६** (अक्षरुपी पचपन्न लाख उनान्नब्बे हजार त्रिसट्ठी रुपैयाँ छ पैसा) बराबरको विगो रकम यि **प्रतिवादीहरुले** आफू तथा अन्य प्रतिवादीहरुलाई गैरकानूनी लाभ र संस्थालाई गैरकानूनी हिनामिना हानिनोक्सानी पुर्‍याउने बदनियतले आफ्नो पद ओहोदाको दुरुपयोग गरी आफ्नो जिम्मामा रहेको सरकारी सार्वजनिक सम्पत्ति राष्ट्रसेवक बाहेकका अन्य प्रतिवादीहरुसँगको मिलेमतोमा हिनामिना, हानिनोक्सानी तथा दुरूपयोग गरे गराएको तथ्य पुष्टि भएको देखिदा देखिदै सो तथ्यलाई नजरअन्दाज गरि प्रतिवादीहरु लाल प्रसाद पोखरेल, कर्ण बहादुर कार्की, दिव्या निर्माण सेवा प्रा.लि.,दुनै, डोल्पा तथा उक्त निर्माण सेवाका प्रोप्राइटर भीमराज न्यौपानेलाई कम विगो कायम गरि घटी सजाय गर्ने र अन्य प्रतिवादीहरु हिरा चन्द्र धराला, रुपचन्द्र बुढा, भिम बहादुर थापा, हरिचन्द्र बिष्ट, शिशिर कुमार गुरुङ समेतलाई आरोप दावीवाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ। ख. उक्त ठेक्का कार्यक्रममा सबैभन्दा न्यूनतम रकम रु. २४,७३,६१५।६१ (अक्षरुपी चौबिस लाख त्रिहत्तर हजार छ सय पन्ध्र रुपैयाँ एकसट्ठी पैसा) कबोल गर्ने कृष्ण निर्माण सेवा र सबैभन्दा अधिकतम रकम रू. ८०,६२,६७८।६७ (अक्षरुपी असी लाख बैसठ्ठी हजार छ सय अठहत्तर रुपैंया सतसठ्ठी पैसा) कबोल गर्ने दिव्या निर्माण सेवा रहेकोले यि दुई बोलपत्रदाताहरुले कबोल गरेको रकमको बीचमा रहेको फरक

			निर्माण सेवाका प्रो . न्यौपाने भीमराजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा मतियार तर्फ सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याशं बमोजिम मुख्य कसूरदार सरह सजाय गरि पाउन समेतको मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ ।	विष्टले आरोपदाबीबाट सफाई पाउने ठहर गरी फैसला भएको देखिन्छ ।	रकम रु.५५,८९,०६३।०६ (अक्षरुपी पचपन्न लाख उनान्नब्बे हजार त्रिसट्ठी रुपैयाँ लाई विगो कायम गरि साजयको मागदावी गरिएकोमा विशेष अदालतवाट फैसला गर्दा आरोप दाबीमा दिव्या निर्माण सेवा र कृष्ण निर्माण सेवाले कबुल गरेको रकमको मात्र तुलना गरिएको भए पनि ती दुबै निर्माण सेवाको प्रतिनिधित्व एकै व्यक्ति राजकुमार न्यौपानेले गरेको अवस्थालाई समेत कसूर ठहरको आधार बनाइएको हुँदा कृष्ण निर्माण सेवालाई बाहेक गरी त्यसपछिको दोस्रो कम रकम कबोल गर्ने बोलपत्रदाता वि. एण्ड वि. विल्डर्सले कबुल गरेको रकम रु.३५,५९,०३९/२६ लाई आधार मानी दिव्या निर्माण सेवा सेवाले कबोल गरेको रू.८०,६२,६७८।६७ मध्ये रु.७८,८६,८४०/- मात्र भुक्तानी भएको देखिदा उक्त रु.७८,८६,८४०/- वाट रु.३५,५९,०३९/२६ घटाउदा हुन आउने रु रु.४३,२७,८००/७४ लाई नै हानीनोक्सानी भएको बिगो कायम भएको फैसला प्रमाण मुल्यांकनको रोहमा त्रुटिपुर्ण रहेको छ। हानी नोक्सानीको विगो कायम गर्दा बोल पत्र मुल्यांकन भएका बोलपत्रहरु मध्ये सबभन्दा कम कबोल गर्ने र सवभन्दा बढी कबोल गर्ने बोलपत्र दाता हरुले कवोल गरेको रकमको फरक कै आधारमा विगो कायम गर्नु पर्नेमा प्रतिवादीहरुलाई कम सजाय गर्ने प्रयोजनवाट अन्य बोलपत्रदाताले कबोल गरेको रकम समेतलाई आधार लिई गरेको विगो विश्लेषण त्रुटीपुर्ण देखिदा बदर भागी छ। ग. प्रस्तुत मुद्दामा प्रतिवादी कायम गरिएका लालप्रसाद पोखरेल उक्त त्रिपुरासुन्दरी नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत पदमा र कर्णबहादुर कार्की इन्जिनियर पदमा बहाल रहेको देखिन्छ उक्त आयोजनाको बोलपत्र मुल्याङ्कन समितिमा लाल प्रसाद पोखरेलको संयोजक, हिराचन्द्र धराला, शिशिर कुमार गुरुङ, रुपचन्द्र बुढा, भिम बहादुर थापा, हरि चन्द्र बिष्ट सदस्य र इन्जिनियर कर्ण ब. कार्की सदस्य सचिव पदमा रही कार्य गरेको देखिन्छ। यसै गरि दिव्या निर्माण सेवा प्रा.लि.,दुनै, डोल्पा तथा उक्त निर्माण सेवाका प्रोप्राइटर भीमराज न्यौपानेसँग राष्ट्रसेवक यि प्रतिवादीहरुले एक आपसमा मिलेमतो गरि कृष्ण निर्माण सेवा र दिव्या निर्माण सेवाबाट छुट्टाछुट्टै बोलपत्र पेश गरी गर्न लगाएको Letter of Bid र घोषणापत्र एकै format मा रहेको तथा दुबै घोषणापत्रमा मिति २०८९।०२।२३ रहेको, Mobilization Table र Method Statement Example Document मिल्दो रहेको स्पष्ट देखिदा देखिदै बोलपत्र मुल्यांकन गरि गलत प्रतिवेदन पेश गरेको देखिन्छ भने सबैभन्दा न्यूनतम रकम रु. २४,७३,६१५।६१ (अक्षरुपी चौबिस लाख त्रिहत्तर हजार छ सय पन्ध्र रुपैयाँ एकसट्ठी पैसा) कबोल गर्ने कृष्ण निर्माण सेवालाई अनुत्तिर्ण गरी बढी रकम रू.८०,६२,६७८।६७ (अक्षेरुपी असी लाख बैसट्ठी हजार छ सय अठहत्तर रुपैंया सतसट्ठी पैसा) कबोल गर्ने दिव्या निर्माण सेवालाई उत्तिर्ण गराई मूल्याङ्कनमा बदनियतपूर्वक दोहोरो मापदण्ड अपनाई रु. ५५,८९,०६३।०६ (अक्षरेपी पचपन्न लाख उनान्नब्बे हजार त्रिसट्ठी रुपैयाँ छ पैसा) हिनामिना हानिनोक्सानी तथा दुरुपयोग गरे गराएको तथ्य स्थापित भई रहेको स्थितिमा उक्त प्रमाणको सुक्ष्म बिबेचना नगरि बोलपत्र मुल्याङ्कन समितिमा रहेका हिराचन्द्र धराला, शिशिर कुमार गुरुङ, रुपचन्द्र बुढा, भिम बहादुर थापा, हरि चन्द्र बिष्टलाई निजहरुले गरेको आपरिक कार्य अनुसार फौजदारी दायित्वमा जिम्मेवार नबनाई बोलपत्र मुल्यांकन समितिमा रहेका यि प्रतिवादीहरुलाई बोलपत्रदाता छनौट गर्न सक्ने निर्णायक हैसियतमा नरहेको जस्ता

					आत्मपरक विश्लेषण गरि भएको फैसला प्रमाण परीक्षणको रोहबाट त्रुटीपूर्ण रहेको देखिन्छ यसै सन्दर्भमा नेपाल सरकार विरुद्ध विनयकुमार गामी समेत भएको (ने.का.प. २०७२ असार, अंक ३, नि.नं. ९३७४) भ्रष्टाचार मुद्दामा ऐन नियमबमोजिम सम्पन्न गराउनका लागि जिम्मेवार कर्मचारीहरूले आफ्नो दायित्वलाई इमानदारीपूर्वक निर्वाह गर्नुपर्ने भनी प्रतिपादित सिद्धान्त, यसै गरि जगरनाथप्रसाद सोनार विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दा (ने.का.प. २०७५, अंक ३, नि.नं. १०३८७) मा "भ्रष्टाचार निवारण ऐनको संरचनाबाट सार्वजनिक उत्तरदायित्व भएका पदाधिकारी तथा राष्ट्रसेवकले अन्य व्यक्तिहरुसँग मिली भ्रष्टाचारजन्य कार्य गरी सरकारी वा सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, आफू वा अन्य व्यक्तिलाई लाभ वा हानि पुऱ्याउने कार्य गरेमा सो कार्यमा संलग्न रहेका पदाधिकारी, संस्था वा व्यक्तिलाई समेत कसुरदार हुने भनि प्रतिपादित नजिर सिद्धान्त समेतको आधारमा प्रतिवादीहरु शिशिरकुमार गुरुङ्ग, हिराचन्द्र धरला, रुपचन्द्र बुढा, भिमबहादुर थापा र हरिचन्द्र विष्टलाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी छ